नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ४५९

मितिः २०८३/०२/१८

नेपाल संवत् ११४६

विषयः सवारी दर्ता रोक्का सम्बन्धमा।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभागको प.सं. २०८२/०८३, च.नं. प्रा.१८००, मिति २०८३/०२/०७ सवारी दर्ता रोक्का सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री पूर्वाधार विकास मन्त्रालय, यातायात व्यवस्था विभाग, मीनभवन, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः पत्र इमेल गरिदिनुहुन र वेबसाइटमा समेत अपलोड गरिदिनुहुन।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
सवारी अनुगमन, मापदण्ड तर्जुमा र सवारी चालक व्यवस्थापन शाखा
मीनभवन, काठमाडौं ।

☎ ४५७४९२१ (एक्सचेन्ज)
४५७४९२२
✉: info@dotm.gov.np
website:www.dotm.gov.np

पत्र संख्या :- ०८२/०८३
चलानी नम्बर:- प्रा. १८००

नेपाल संवत:- ११४६
मिति :- २०८३।०२।०७ गते।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं

श्री भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
दर्ता नं.: २००
मिति: २।१२

से.शा.र्ता.
१४३५
२।१३

विषय :- पत्राचार सम्बन्धमा ।

प्रस्तुत विषयमा यातायात व्यवस्था विभागको च.नं. प्रा.१७९६, मिति २०८३।०२।०७ गतेको सवारी दर्ता रोक्का सम्वन्धि पत्र यसै साथ संलग्न छ। उक्त पत्र सवै स्थानिय निकायहरुलाई पत्राचार गरी समन्वय गरि दिनुहुन आदेशानुसार अनुरोध छ।

(मणि राम भुसाल)
निर्देशक (प्रा.)

श्री व्या. ... ...
२।१३

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
यातायात व्यवस्था विभाग
मीनभवन, काठमाडौं।

☎ ४५७४९२१ (एक्सचेन्ज)
४५७४९२२
✉: info@dotm.gov.np
website:www.dotm.gov.np

पत्र संख्या :- ०८२/०८३
चलानी नम्बर:- प्रा.१६९६

नेपाल सवत:- ११४६
मिति :- २०८३।०२।०७ गते।

श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश, विराटनगर।
श्री श्रम तथा यातायात मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री श्रम, रोजगार तथा यातायात मन्त्रालय, वागमती प्रदेश, हेटौंडा, मकवानपुर।
श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री उद्योग, पर्यटन तथा यातायात मन्त्रलाय, लुम्बिनी प्रदेश, रासी उपत्यका (देउखुरी)।
श्री भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत।
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश, धनगढी, कैलाली।
श्री स्थानीय तह, सबै ।

बिषय :- सवारी दर्ता रोक्का सम्बन्धमा ।

प्रस्तुत विषयमा सार्वजनिक यातायातको वैज्ञानिक व्यवस्थापन हुन नसकेका कारण अत्याधिक वायू प्रदुषण, सवारीको चाप र ट्राफिक जाम बढ्न गई आवागमनमा कठिनाई उत्पन्न भएको छ। इन्धनको बढ्दो मूल्यका कारण सार्वजनिक सवारी तथा यातायातमा पर्न गएको असहजता र कठिनाईको सम्बोधन गर्न सार्वजनिक सवारीको यथोचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

यस असमान्य परिस्थिति एवं चुनौतिको सम्बोधन गर्न "सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २४ को उपदफा (३) मा वातावरण प्रदूषण, सवारीको चाप, सडकको स्थिति, सवारी आवागमनमा पर्ने कठिनाई वा यस्तै अन्य कारणले गर्दा सार्वजनिक हितको लागि कुनै किसिमको सवारी साधनको दर्ता रोक्का गर्न मनासिव देखेमा विभागले कुनै वा सबै यातायात व्यवस्था कार्यालयलाई त्यस्तो सवारीको दर्ता रोक्का गर्न आदेश दिन सक्ने " व्यवस्था भएको हुँदा सार्वजनिक हित एवं नेपाल सरकारले सार्वजनिक सवारीको वैज्ञानिक व्यवस्थापन गर्ने उद्देश्यले अर्को सूचना जारी नगरे सम्म तत्कालका लागि ऐ. ऐनको दफा १४ बमोजिम गरिने दर्ता रोक्का गर्न आवश्यक देखिएकाले तहाँ मन्त्रालय अन्तर्गतका कार्यालय/पालिकाबाट गरिने सार्वजनिक सवारी साधनहरुको (इलेक्ट्रिक सार्वजनिक सवारी साधन समेत) नयाँ दर्ता रोक्का गरिदिनुहुन निर्णयानुसार व्यहोरा अनुरोध छ ।

.......................
(मणि राम भुसाल)
निर्देशक ( प्रा. )